*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
**पश्चिमाञ्चलद्वारा प्रकाशित**

**सल्लाहकार**
शिव खकुरेल

**संयोजन/सम्पादन**
गणेश भण्डारी

**विशेष सहयोगी**
गणेश श्रेष्ठ
सनबहादुर थापा

**व्यवस्थापक**
मधु पन्थी

**फोटो**
इन्सेक जिल्ला प्रतिनिधि

पोखरा उमनपा-७, जनप्रियमार्ग
फोन : ०६१-४६५५१२
फ्याक्स : ०६१-४६३४९२
**Email:** pokhara@insec.org.np
**Website:** www.inseconline.org

**मुद्रक**
छुनमुनु अफसेट प्रेस
पोखरा उमनपा- ८ न्यूरोड
फोन : ०६१-५३४२९३

## महिला तथा बालबालिका विरुद्धको ज्यादति कायमै

पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार अवस्थाको अनुगमन गर्दा बिगतका तीन महिना (अक्टुवरदेखि डिसेम्बर-२०१२) मा राज्यपक्षबाट भन्दा गैरराज्यपक्षबाट मानवअधिकार ज्यादती बढी भएको पाइयो। यस अवधिमा राजनीतिक दल, जातीय सङ्घसंस्थालगायतले गर्ने विरोध प्रदर्शन, हडताल, चक्काजाम, नेपाल बन्दलगायतका गतिविधि कम भए पनि अपराधिक गतिविधिमा बढोत्तरी भएको पाइयो।

पश्चिमाञ्चल क्षेत्रमा तीन महिनाका अवधिमा राज्यपक्षबाट ७ र गैरराज्यपक्षबाट ६० ओटा गरी जम्मा ६७ ओटा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ७ जना पीडित भए। जसमा राज्यपक्षबाट २६ जना पुरुष र गैरराज्यपक्षबाट ५० जना महिला र ३१ जना पुरुष गरी ८१ जना पीडित भए। तीन महिनाको अवधिमा यस क्षेत्रमा अभिलेख गरिएका अन्य घटनाहरूमा जातीय विभेदमा पाँच जना, गिरफ्तारी र यातनामा १२ जना र हत्यामा ८ ओटा घटना अभिलेख भएको छ।

यस अवधिमा सबभन्दा बढी कुटपिटका घटना भए। जसमा राज्यपक्षबाट ८ जना पुरुष तथा गैर राज्यपक्षबाट ३ जना महिला र २५ जना पुरुष गरी जम्मा ३६ जना पीडित भए। यसपछि महिला अधिकारका घटनामा १९ जना महिला पीडित भएको पाइयो। तेस्रोमा बाल अधिकारका घटनामा १८ जना बालिका पीडित भए।

यस तीन महिनाको अवधिमा १२ जना बालिकासहित १५ जना बलात्कारबाट पीडित भए। यी बाहेक हत्या, धम्की/कटपिट, भेला हुने सङ्गठित हुने अधिकार, बालअधिकार, महिलाअधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उल्लङ्घनका घटनाहरू इन्सेक क्षत्रीय कार्यालयले अभिलेख गरको छ। जसमा महिलाअधिकार अन्तर्गतका पारिवारिक हिंसा, बलात्कार, बहुविवाह र बालअधिकार विरुद्धका अपराधका घटनामा बद्धि भएको पाइन्छ।

यस तीन महिनाका अवधिमा गैरराज्यपक्ष (व्यक्तिगत) बाट भएका मानवअधिकार विरोधी घटना अधिक रहका छन्। जसमा महिला अधिकार र बालअधिकार उल्लङ्घन तथा हनन्का घटनामा तलनात्मक रूपमा कमी आउन सकेको छैन। बालबालिका र महिलामाथि हुने विभेद र अमानवीय व्यवहारका घटनालाई न्यूनीकरण गर्नका लागि छिटोछरितो न्याय प्रणाली स्थापना गर्न र सरोकारवाला निकायको ध्यान जान जरुरी छ। मुलकको मानवअधिकारका वर्तमान अवस्थाले कानुनी शासनका सबलीकरणमा चुनौती दिएको छ।

इन्सेक पश्चिमाञ्चल क्षेत्रले हरेक तीन/तीन महिनामा समग्र मानवअधिकारको अवस्थालाई विश्लषण गर्दै मानवअधिकार स्थितिसूचक प्रकाशन गदै आएको छ। तपाईहरूको आवश्यक सुझाव सल्लाह र प्रतिक्रियाका अपेक्षा गर्दछौँ।

**शिव खकुरेल**
क्षेत्रीय संयोजक

# मध्यपश्चिमाञ्चल क्षेत्रको मानवअधिकार : तीन महिनाका प्रतिनिधिमूलक घटना

**(०६९ असोज १५ तदनुसार अक्टोबर २०१२ देखि ०६९ पुस १६ डिसेम्बर २०१२ सम्म)**

## जेल र बन्दीहरू

**कारागारमा झडप**

**कास्की**

जिल्ला कारागार कार्यालयमा ०६९ मङ्सिर ८ गते राति ८ बजे बन्दीहरूबीच भएको विवादको क्रममा झडप हुँदा १२ जना बन्दीहरू घाइते भए। झडपमा  लाहाचोक गाविस-२ का बाबु थापा भन्ने ३५ वर्षीय सूर्यबहादुर भुजेल र काठमाडौँ मनपा-१४ कलङ्कीका ३० वर्षीय सुनिल रानाभाट, सुर्खेतका २५ वर्षीय कुबेर पुन, पोखरा उमपनपा-१८ का रविन्द्र कुँवर, काठमाडौँ मनपा-४ का निरोज खत्री, पोखरा उमनपा-१६ का प्रवीण गुरुङ, ल्वाङ्घलेल गाविस-६ का प्रेम तामाङ, लेखनाथ नपा-६ का स्वागत रानाभाट, कालिका गाविस-९ का सुमन भन्ने हर्कसिं गुरुङ, पोखरा उमनपा-६ का प्रकाश गुरुङ, पोखरा उमनपा-१ का मनबहादुर गुरुङ, स्याङजा जिल्ला पञ्चमुल गाविस-५ का सुनिल गुरुङ, बैतडी जिल्ला दुर्गाभवानी गाविस-३ का मीननाथ क्षेत्री घाइते भएका थिए। उनीहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो। घटनाको छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी अन्तरबहादुर सिलवालको संयोजकत्वमा जेलर सुनिल अधिकारी र जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रविन्द्र पौडेल सदस्य रहेको छानविन समिति गठन गरिएको थियो। समितिले आर्थिक लेनदेनका कारण बन्दीहरूबीच झडप भएको निष्कर्ष निकाल्दै घटनामा संलग्नहरूलाई अन्य कारागारमा स्थानान्तरण गर्न सिफारिस गरेकोमा रौतहट, पाल्पा, काठमाडौँ, म्याग्दी, पर्वत, वीरगञ्ज कारागारमा २९ जना बन्दीहरूलाई स्थानान्तरण गरिएको जेलर अधिकारीले बताए।

## धम्की/कुटपिट

**राज्यपक्षबाट**

बाग्लुङ

बाँके कोहलपुर गाविस-३ घर भई मालिका चलचित्र निर्माण प्रालिका प्रमुख सम्पादक तथा रेडियो कोहलपुर एफएमका कार्यक्रम संयोजक २५ वर्षीय कपिल न्यौपानेलाई ०६९ पुस ४ गते साँझ अपशब्द प्रयोग गरेको भन्दै झिवाखोला प्रहरी चौकी बोहोरागाउँका इन्चार्ज असई राजेन्द्र भट्टले बोहोरागाउँस्थित होटलमा कुटपिट गरे। बुर्तीबाङबाट जीपमासँगै जाने क्रममा भनाभन भएको र न्यौपानेले अपशब्द प्रयोग गरेको भन्दै कपिल बसेको किसान होटलमा गएर असई भट्टले कुटपिट गरेका थिए। बालविकास केन्द्रको डकुमेन्ट्री निर्माणका लागि बोहोरागाउँ पुगेका न्यौपानेलाई प्रहरीले गरेको आक्रमणको जिल्लामा क्रियाशील विभिन्न सङ्घ सङ्गठनले विरोध गरेका थिए। पीडितले मङ्सिर २९ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरे पनि कुटपिटमा संलग्न प्रहरीमाथि कुनै कारबाही भएन।

**एकीकृत माओवादीबाट**

गोरखा

हंसपुर गाविस-५ निवासी नेविसङ्घका कार्यकर्ता विष्णुप्रसाद अधिकारीलाई ०६९ पुस ६ गते हंसपुर गाविसको भच्चेक बजारमा एकीकृत नेकपा माओवादी कार्यकर्ताले कुटपिट गरे। अधिकारीलाई आफ्ना कार्यकर्ता पुस ५ गते कुटिएको घटनाको विरोधमा आयोजना गरिएको  विरोधसभामा गएर फर्किएका एमाओवादीका कार्यकर्ताले कुटपिट गरेका थिए। कुटपिटबाट घाइते अधिकारीको भच्चेक स्वास्थ्य चौकीमा उपचार भयो। प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ र कसैलाई गिरफ्तार गरेको छैन। एमाओवादीले भने पार्टीको संलग्नता नभएको दावी गऱ्यो।

**नेपाली काङ्ग्रेसबाट**

गोरखा

हंसपुर गाविस-४ निवासी शिक्षक २७ वर्षीय बासु दुवाडी, सोही गाविस-१ निवासी नेकपा-माओवादीका जिल्ला सेक्रटरी ३६ वर्षीय नारायण अधिकारी र सिम्जुङ गाविस-२ निवासी एकीकृत नेकपा माओवादीका इलाका नं. ८ का पूर्व सेक्रेटरी २८ वर्षीय समुन परिवार ०६९ पुस ५ गते नेपाली काङ्ग्रेस कार्यकर्ताको आक्रमणबाट घाइते भए। हंसपुर गाविस-३ ज्ञानज्योति उमावि लप्सीबोटमा ०६९ पुस ५ गते विद्यालय व्यवस्थापन समिति पुर्नगठनको विषयमा विवाद हुँदा नेपाली काङ्ग्रेसका कार्यकर्ताले आक्रमण गरेको पीडितहरूले बताए। घाइतेहरूको भच्चेक उपस्वास्थ्य चौकीमा सामान्य उपचारपछि सोही दिनै काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो। घाइतेहरूको टाउको र अनुहारमा चोट लागेको थियो। घटनामा संलग्न रहेको भन्दै जिल्ला प्रहरी कार्यालयले काङ्ग्रेस कार्यकर्ता लीलाधर अधिकारीलाई सोही दिन गिरफ्तार गरी सार्वजनिक अपराधअन्तर्गत मुद्दा दायर गरी हिरासतमा राख्यो। अधिकारी यो वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दुम्कीवास गाविस-१ दुम्कीवासका २६ वर्षीय थम्मनबहादुर चौधरी, ३० वर्षीय ठगबहादुर गुरुङ, नारायण कामु मगर सोही ठाँउका शङ्कर पोखेल, चोपबहादुर गाहा, विशाल पौडेल, डोरबहादुर राना, आशिक श्रेष्ठ, महेश श्रेष्ठ, राजकुमार पुन समेत १२ जनालाई झडप गर्न खोजेको आरोपमा ०६९ कात्तिक १५ गते दिउँसो नयाँ बलहानी प्रहरी चौकीका इन्चार्ज सई कृष्णकुमार पोखेलको कमाण्डमा रहेको टोलीले धुरकोट गाविस-२ देउरालीबाट गिरफ्तार गरी खाना र पानीसमेत खान नदिई राति १२ बजेदेखि ३ बजेसम्म घोप्टो पर्न लगाई यातना दिए। पीडितहरूका दुवै हात बुटले कुल्चिने, पछाडिको भागमा लाठीले प्रहार गरेका पीडितहरूले जानकारी गराए। उनीहरूको शरीरमा नीलडाम परेको थियो। पीडितमध्ये थम्मन चौधरी र ठगबहादुर गुरुङको जिल्ला अस्पताल परासीमा उपचार भएको थियो। आरोपितलाई कुनै कारबाही भएन। पीडितहरूले मौखिक रूपमा प्रहरी र मानवअधिकारकर्मीलाई जानकारी गराए।

## बालअधिकार

### बालबालिका ओसारपसार

कास्की

पोखरा उमनपा-५ मालेपाटन निवासी १५ वर्षीया बालिकालाई म्याग्दी जिल्ला सिङ्गा गाविस-५ घर भई सोही ठाउँ बस्ने ३५ वर्षीया सीमा थापा भन्ने आइतकुमारी छिनालले रोजगारीको प्रलोभनमा पारी भारतमा पुऱ्याई बेचविखन गरेको भन्दै पीडितका आफन्तले ०६८ पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको ०६८ माघ २ गते माइती नेपालको सहयोगमा उद्दार गरियो। आरोपित थापालाई प्रहरीले ०६८ माघ १४ गते गिरफ्तार गरी जिल्ला अदालतका न्यायाधीश बालमुकुन्द दवाडीको आदेशमा ०६८ फागुन ११ गते पुर्पक्षका लागि थुनामा पठायो। आरोपित वर्षको अन्त्यसम्म थुनामा छन्।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**तनहुँ**

एक आठ वर्षीया बालिकालाई रुपाकोट गाविस-२ का सैनिक जवान रूपबहादुर जिसीले ०६९ कात्तिक २८ गते बलात्कार गरेको आरोप पीडितपक्षले लगायो। जिसीले कात्तिक २८ गते लक्ष्मीपूजाको राति बालिकालाई गाउँ नजिकैको जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा जिसीलाई कारबाहीको माग गर्दै पीडित परिवारले मङ्सिर २ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जिसी सिद्धिदल गण विजयपुर ब्यारेक पोखरामा दरबन्दी भई श्री नं. ३ बाहिनी अड्डा खैरेनीटार तनहुँमा सञ्चालित ५६ सेकेण्ड क्लास तामिममा सहभागी रहेका थिए। पीडितपक्षले प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि प्रहरीको अनुरोधमा सो गणले ०६९ मङ्सिर ४ गते जिसीलाई तनहुँ प्रहरी कार्यालयमा बुझायो। जिसी जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर २२ गतेदेखि जिल्ला कारागारमा थुनामा छन्। पीडितको मङ्सिर २ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

गोरखा

एक १५ वर्षीया बालिकालाई ०६९ असोज २० गते यौनदुर्व्यवहार गरेको आरोपमा गाँखु गाविस-९ का २१ वर्षीय कुमार गुरुङ र खोप्लाङ गाविस-४ का २८ वर्षीय बलबहादुर गुरुङलाई प्रहरीले ०६९ असोज २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ कात्तिक १६ को निर्णयले आरोपितहरू पुपर्क्षका लागि गोरखा कारागारमा छन्।

कास्की

लेखनाथ नपा-११ मिलनचोक घर भई पोखरा उमनपा-९ नयाँबजारस्थित एनेकपा माओवादीका पूर्वसभासद् मोहम्मद सफिक मियाको घरमा काम गर्ने एक १६ वर्षीया बालिकालाई पूर्वसभासद् मियाले डर, धम्की र प्रलोभन देखाई पटक-पटक बलात्कार गरेको भन्दै पीडित परिवारले ०६९ कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले जबरजस्तीकरणीअन्तर्गत मुद्दा दर्ता गरेकोमा आरोपित मियाँ फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित बालिका ०६८ सालदेखि मियाँको घरमा घरेलु कामदारको रूपमा काम गर्दै आएकी थिइन्।

रुपन्देही

एक सात वर्षीया बालिकालाई ०६९ कात्तिक ८ गते बिहान मक्रहर गाविस-६, गणेशनगरका ३५ वर्षीय टेकबहादुर दराईले पीडितको घरनजिकै खोला छेउमा लगेर बलात्कार गरेको आरोपमा पीडितका आफन्तले सोही दिन इलाका प्रहरी कार्यालय बुटवलमा जाहेरी दिए। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भएको थियो। आरोपित जिल्ला अदालतको मङ्सिर २७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कपिलवस्तु

एक ११ वर्षीया बालिकालाई ०६९ मङ्सिर १७ गते गुगौली गाविस-२ का ७० वर्षीय राजेश्वर मिश्राले बलात्कार गरेको

आरोपमा पीडितका आफन्तले मङ्सिर १८ गते इलाका प्रहरी कार्यालय कृष्णनगरमा किटानी जाहेरी दिए। मिश्राले घरमा कोही नभएको अवस्थामा एक महिलालाई घरमा बोलाउन पठाई पैसा दिएर फकाएर घरनजिकैको खेतमा रहेको उखुबारीमा पुऱ्याई बलात्कार गरेको पीडित बालिकाले बताइन्। प्रहरीले बलात्कारको आरोपमा मिश्रालाई मङ्सिर १८ गते नै गिरफ्तार गरी अनुसन्धानका लागि जिल्ला अदालतबाट म्याद थप गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको छ।

१४ वर्षीया र १६ वर्षीया दुई बालिकालाई ०६९ मङ्सिर २ गते राति नौजना युवाहरूले सामूहिक बलात्कार गरेको आरोपमा पीडित बालिकाहरूले इलाका प्रहरी कार्यालय चन्द्रौटामा ०६९ मङ्सिर २ गते किटानी जाहेरी दिए। दिपावलीको अवसरमा भैलो हेर्न बोलाएर आएका दुई दिदी बहिनीलाई वीरपुर गाविस-९ चन्द्रौटामा नौ जना युवाहरूले सामूहिक बलात्कार गरेको आरोप पीडितद्वयले लगाए। पीडितको जाहेरीका आधारमा वीरपुर गाविस-९ का एक १६ वर्षीय बालक र १८ वर्षीय विक्रम गिरीलाई इलाका प्रहरी कार्यालय चन्द्रौटाले सोही दिन गिरफ्तार गऱ्यो भने अन्य आरोपित सात जना फरार रहेका छन्। गिरफ्तार गरिएका दुवैलाई ०६९ मङ्सिर ३ गते जिल्ला अदालतबाट अनुसन्धानको लागि म्याद थप गरिएको छ भने अन्य फरार युवालाई प्रहरीले खोजतलास गरिरहेको प्रहरी इस्पेक्टर रामप्रसाद घर्तीले जानकारी दिए।

अर्घाखाँची

एक सात वर्षीया बालिकालाई ०६९ मङ्सिर २० गते जुकेना गाविस-७ क १९ वर्षीय शालिकराम थापाले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६९ मङ्सिर २६ गते इलाका प्रहरी कार्यालय ठाडामा उजुरी दिए । आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएका छैनन् । पीडितको ०६९ मङ्सिर २७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो ।

गुल्मी

एक १५ वर्षीया बालिकालाई घमीर गाविस-२ का २३ वर्षीया उमबहादुर नेपालीले ०६९ मङ्सिर २७ गते हस्तीचौर गाविस-१ को तोरीखर्कमा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले मङ्सिर २८ गते इस्मा प्रहरी चौकीमा जाहेरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धनपछि जिल्ला अदालतमा पेश गरेकोमा ०६९ पुस ४ गते पुर्पक्षका लागि कारागार चलान भए। पीडितको ०६९ मङ्सिर २९ गते तम्घास अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

बाग्लुङ

एक १५ वर्षीया किशोरीले आफूलाई ०६९ मङ्सिर ९ गते बलात्कार प्रयास गरेको भनी पर्वत जिल्लाको धाइरिङ घर भई बागलुङ नपा-१ बस्ने २० वर्षीय सूर्य सुनार विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरेपितलाई प्रहरीले ०६९ मङ्सिर १२ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ मङ्सिर १८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

पर्वत

एक १२ वर्षीया बालिकालाई ०६९ असोज २२ गते राति माझफाँट गाविस-२ का २३ वर्षीया दलबहादुर दर्जीले बलात्कार प्रयास गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा पीडितपक्षले ०६९ असोज २४ उजुरी दर्ता गरे। आरोपित हालसम्म फरार रहेका छन्।

म्याग्दी

एक १४ वर्षीया बालिकालाई ०६९ मङ्सिर २६ गते कुहुँ गाविस-५ का २३ वर्षीय अनिल किसानले बाबियाचौर गाविस-५ सिमको जङ्गलमा बलात्कार प्रयास गरेको आरोपमा पीडितका आफन्तले ०६९ मङ्सिर २८ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीको लागि किटानी जाहेरी दिए। प्रहरीले आरोपित किसानलाई ०६९ मङ्सिर २८ गते गिरफ्तार गऱ्यो। यो वर्षको अन्त्यसम्म किसान अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेका छन्।

**कुटपिट**

बाग्लुङ

बोबाङ गाविस-८ सुकुरदुङकी १३ वर्षीया बालिका मनी विकलाई बुबा ५३ वर्षीय जुठे विकले मदिरा सेवन गरी कुटपिट गर्दै रहेको अवस्थामा नेकपा एमाले बागलुङको एक टोलीले ०६९ कात्तिक १८ गते उद्दार गरी जिल्ला बाल कल्याण समिति बागलुङलाई बुझायो। बालकल्याण समितिले पीडित बालिकालाई ०६९ कात्तिक २३ गते काठमाडौँ पठाएको छ। बालिकालाई नियमित कुटपिट गर्दै आएका बालिकाका बाबु जुठेलाई प्रहरीले ०६९ कात्तिक २० गते अदालत पेश गरेकोमा ०६९ कात्तिक २७ गते जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा राखिएकोमा उनी अदालतको ०६९ मङ्सिर २६ गतेको आदेशमा २० हजार रुपियाँ धरौटी राखी रिहा भए।

**बालविवाह**

**लमजङ**

ताघ्राङटक्सार गाविस-९ की सूर्यज्योति निमाविको कक्षा ८ मा अध्ययनरत १३ वर्षीया एक बालिकालाई ०६९ मङ्सिर १ गते सोही ठाँउ माइती भएकी सुनीता मल्लले फकाएर कपिलवस्तु जिल्ला पथ्थरदैहा गाविस-५ का १८ वर्षीय निरजसिंह ठकुरीसँग जबरजस्ती विवाह गरिदिइन्। पीडित परिवारको उजुरीको आधारमा बालविवाह र बेचबिखन गर्न लगेको आशङ्कामा सुनीता मल्ल र निरजसिंह ठकुरीलाई प्रहरीले ०६९ मङ्सिर ४ गते कपिलवस्तुबाट गिरफ्तार गऱ्यो। पीडितका आफन्तले मानव बेचबिखन ऐनअर्न्तगत जिल्ला प्रहरी कार्यालय लमजुङमा मङ्सिर ६ गते उजुरी दिए। जिल्ला अदालतको आदेशानुसार ०६९ मङ्सिर २९ गते जनही ३० हजार रुपियाँ धरौटी राखेर रिहा भए ।

गुल्मी

अर्खले गाविस-५ की १३ वर्षीया एक बालिकालाई जैसीथोक गाविस-७ का २८ वर्षीय फर्शुराम पोखरेलसँग ०६९ कात्तिक ११ गते अर्खले गाविस-५ का ४० वर्षीय रेशौ पन्थी, सोही ठाउँकी ३७ वर्षीया गङ्गा पन्थी र २० वर्षीया इन्दु पन्थीले विवाह गराए। बालिकाका बुबाले ०६९ मङ्सिर ७ गते जिल्ला प्रहरी कार्यालयमा बालविवाहको उजुरी दिए। सोही उजुरीको आधारमा प्रहरीले रेशौ पन्थी र गङ्गा पन्थीलाई घरबाटै सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर १९ गते जनही ७ हजार ५ सय धरौटी राखी तारेखमा रिहा भए। आरोपितमध्ये फर्शुराम पोखरेल र इन्दू पन्थी यो वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

**तनहुँ**

एक २० वर्षीया महिलालाई ०६९ असोज २५ गते व्यास नपा-२ का ३० वर्षीय राजिन श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडितले कारबाहीको माग गर्दै ०६९ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। पीडित महिलाको दमौली अस्पतालमा सोही दिन स्वास्थ्य परीक्षण भएको थियो। प्रहरीले आरोपितलाई ०६९ कात्तिक १८ गते गिरफ्तार गऱ्यो। आरोपित श्रेष्ठ जिल्ला अदालतको आदेशमा मङ्सिर ५ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

गुल्मी

एक ३५ वर्षीया अशक्त महिलालाई ०६९ कात्तिक ६ गते ६ गते साँझ भड्कुवा-८ को शिवहरिबारी भन्ने स्थानमा बलात्कार गरेको आरोपमा सोही गाविस-९ का ३८ वर्षीय राजेन्द्र थापाविरुद्ध ०६९ कात्तिक ९ गते इलाका प्रहरी कार्यालय रिडीमा पीडितपक्षले जाहेरी दियो। पीडितको ०६९ कात्तिक ९ गते तम्घास अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई सोही दिन प्रहरीले घरबाटै गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा जिल्ला अदालत गुल्मीले ०६९ कात्तिक २२ गते ३५ हजार रुपियाँ धरौटी राखी सामान्य तारेखमा रिहा गर्ने आदेश दियो।

**घरेलु हिंसा**

**तनहुँ**

व्यास नपा-२ दमौली घर भएकी २१ वर्षीया अञ्जना ढकाल (रानाभाट) को ०६९ मङ्सिर १८ गते उनका पति दिवस ढकालले हत्या गरेको आरोपमा मृतकका बुवा जामुने गाविस-४ का रामबहादुर रानाभाटले दिवस ढकालमाथि कानुनी कारबाहीको माग गर्दै ०६९ मङ्सिर २२ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। ढकाललाई प्रहरीले मङ्सिर १८ गते नै गिरफ्तार गरी हिरासतमा राखेकोमा किटानी जाहेरीपछि अनुसन्धान सुरु गरेको छ। आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा रहेका छन्। मङ्सिर १७ गते राति खाना खाएर सुतेकी अञ्जना बिहान आफ्नै ओच्छ्यानमा अचेत अवस्थामा भेटिएपछि परिवारका सदस्यले उपचारको लागि रत्नहरि अस्पतालमा लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए। माइतीपक्षले भने परिवारको संलग्नतामा हत्या गरिएको आरोप लगायो। शवको मङ्सिर १९ गते पश्चिमाञ्चल अस्पताल पोखरामा पोस्टमार्टम भयो। माइतीपक्षले दाइजोका कारण अञ्जनाको हत्या गरेको आरोप लगाएको छ भने घर पक्षले भने हत्या नभई स्वभाविक मृत्यु भएको बतायो। यस वर्षको अन्त्यसम्म पोस्टमार्टम रिपोर्ट आइनसकेको प्रहरीको भनाइ छ। लासको थप परीक्षण गर्न काठमाडौँको विधिविज्ञान प्रयोगशालामा लगिएको हुँदा पोस्टमार्टम रिर्पोट आउन ढिलाइ भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

**बलात्कारपछि हत्या**

नवलपरासी

गैँडाकोट गाविस-७ शितलनगर का २८ वर्षीया देवी कुमाललाई उनका भतिजा २३ वर्षीय सुरेश कुमालले ०६९ कात्तिक ८ गते बिहान पीडितको घरमै बलात्कार गरी हत्या गरे। आरोपितले घटनाकी प्रत्यक्षदर्शी हजुरआमालाई पहिले घाँटी च्यापेर हत्या गरेको र देवीबाट पोल खुल्ने डरले पुन: उनको पनि हत्या

गरेका थिए। हत्याको आरोपमा पीडितपक्षले ०६९ कात्तिक ९ गते इलाका प्रहरी कार्यालय गैंडाकोटमा उजुरी दिएकोमा फरार रहेका आरोपितलाई ०६९ कात्तिक १२ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि ०६९ मङ्सिर ५ गते जिल्ला अदालतमा पेश गरेकोमा ६ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्। दुवै लासको कात्तिक ८ गते दुम्कौली स्वास्थ्य केन्द्रमा पोस्टमार्टम भयो।

**पारिवारिक हिंसा**

पाल्पा

रामपुर गाविस-५ की २७ वर्षीया सोनु खनाल श्रेष्ठ ०६९ पुस ४ गतेदेखि बेपत्ता भएको भनी पीडितकी दिदी विष्णुमाया खनालले पुस ११ गते बहिनीको खोजतलास गरी उनका पति ३१ वर्षीय ओम श्रेष्ठलाई कारबाही गरी पाउँ भनी इलाका प्रहरी कार्यालय रामपुरमा जाहेरी दिइन्। जाहेरीमा सोनुका पतिले यस अघि पनि बहिनीलाई कुटपिट गरी मानसिक तथा शारीरिक यातना दिने गरेकोले बहिनीलाई ओम श्रेष्ठले नै बेपत्ता बनाएको शङ्का भएकोले उनलाई गिरफ्तार गरी अनुसन्धान गर्न आग्रह गरिएको थियो। प्रहरीले पीडितका पति ओम श्रेष्ठलाई सोही दिन इलाका प्रहरी कार्यालय राममुरमा हाजिर गराई पत्नीको खोजी गरी प्रत्येक हप्ता विवरण बुझाउने गरी जमानतमा रिहा गर्‍यो। पति ओमले पत्नी यस अघि पनि घर छोडेर हिँड्ने गरेको र कतै गएको हुनुपर्छ भन्दै खोजी गर्न समय दिन आग्रह गरेपछि जमानतमा रिहा गरेको इलाका प्रहरी कार्यायका इन्सपेक्टर चुराबहादुर कार्कीले बताए।

**कुटपिट**

कपिलवस्तु

अजिगरा गाविस-४ विसमपुरकी २८ वर्षीया सरजहाँ मुसलमानलाई उनका पति ३० वर्षीय इस्लाम मुसलमानसहित परिवारका सदस्य मिलेर कुटपिट गरी घरनिकाला गरेको भन्दै ०६९ पुस ११ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरिन्। पतिसहित घरपरिवारले पटक/पटक कुटपिट गर्ने र खान, बस्न नदिइ आफूलाई घर निकाला गरेको भनी जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरी दिइन्। घरमा पति, सासू, ससुरा, जेठाजु लगायतले बस्न नदिएकोले छिमेकीको घरमा बस्न बाध्य रहेको पीडितले बताइन्। प्रहरीले यो वर्षको अन्त्यसम्म कुनै कानुनी कारबाही अगाडि बढाएन।

परिवारजनबाट हत्या

गुल्मी

इस्मारजस्थल गविस-१ की २६ वर्षीया कमला कुमाललाई ०६९ मङ्सिर १ गते पति २७ वर्षीय गोपाल कुमालले मुक्काले हिर्काएर हत्या गरे। लासको ०६९ मङ्सिर २ गते तम्घास अस्पतालमा पोस्टमार्टम पश्चात आफन्तलाई बुझाइयो। पीडितकी आमा हरिकला कुमालको किटानी जाहेरीको आधारमा घटना भएकै दिन आरोपितलाई प्रहरीले गिरफ्तार गर्‍यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर २० गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागारमा थुनामा छन् ।




**सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ९ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौं- उनीहरु कहाँ छन् ?**

# पश्चिम क्षेत्रमा सम्पन्न विविध क्रियाकलापहरू

## ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य शिविर सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, महिला स्वास्थ्य स्वयंसेवक पुम्दीभुम्दी गाविसको आयोजना तथा सहयोगी आत्म नेपाल कास्कीको सहयोगमा पुम्दीभुम्दी गाविसको शुक्रराज उच्च माविमा ०६९ असोज २० गते निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भयो।

ज्येष्ठ नागरिक दिवसको सन्दर्भमा ज्येष्ठ नागरिकहरूको स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै आयोजित उक्त स्वास्थ्य शिविरमा महिला १ सय ३८ र पुरुष ८३ जनाको गरी जम्मा २ सय २१ जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरियो। जसमध्ये आँखा रोग सम्बन्धी ७१ जना, हाडजोर्नी सम्बन्धी ६० जना, दन्त रोग सम्बन्धी ४१ जना, स्त्री रोग सम्बन्धी ८ जना र जनरल सम्बन्धी ४१ जना लाभान्वित




*ज्येष्ठ नागरिक दिवसको सन्दर्भमा कास्कीको पुम्दीभुम्दी गाविसमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य परीक्षण गराउँदै ८६ वर्षीय रामशरण गुरुङ*

भए। उक्त शिविरमा ३० जनालाई चस्मा उपलब्ध गराइएको छ भने करीव ६० हजारको औषधी निःशुल्क उपलब्ध गराइएको थियो।

ज्येष्ठ नागरिक ८६ वर्षीय रामशरण गुरुङको डाक्टर मुक्ति आचार्यले स्वास्थ्य परीक्षण गरी कार्यक्रमको उद्घाटन भएको थियो। कार्यक्रममा बोल्दै पश्चिमाञ्चल ज्येष्ठ नागरिक सरोकार केन्द्रका अध्यक्ष कृष्णप्रसाद बरालले ज्येष्ठ नागरिकहरू अथाह ज्ञान, सीपको भण्डार भएकोले समाज र राष्ट्र निर्माणमा उनीहरूको महत्वपूर्ण भूमिका भएको बताए। उनले शहर केन्द्रीत कार्यक्रम गाउँ-गाउँमा पुऱ्याउनु अनुकरणीय काम भएको उल्लेख गर्दै राज्य र सरोकारवाला निकायले ज्येष्ठ नागरिकलाई सेवा सुविधा उपलब्ध गराउनु पर्नेमा जोड दिए। शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका संयोजक विष्णुप्रसाद बरालले सामाजिक सोच र संस्कारमा परिवर्तन आउदा ज्येष्ठ नागरिकहरूले विभिन्न समस्या भोग्नु परेको बताए।

कार्यक्रममा शुक्रराज उच्च माविका प्राचार्य नरनाथ बराल, महिला स्वास्थ्य स्वयंसेवक पुम्दीभुम्दीका अध्यक्ष निर्मला गुरुङ लगायतले स्वास्थ्य सेवाबाट बञ्चित ग्रामीण क्षेत्रका ज्येष्ठ नागरिकको लागि निःशुल्क स्वास्थ्य शिविर हुनु सराहनीय काम भएको बताए। सहयोगी आत्म नेपालका अध्यक्ष गोमा प्रधानको अध्यक्षतामा सम्पन्न कार्यक्रम इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलले सञ्चालन गरेका थिए।

## विविध कार्यक्रम सहित महिला हिंसाविरूद्धको १६ दिने अभियान

कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी बसन्तराज गौतमले लैँ क हिंसा विरुद्धको १६ दिने अभियानको ०६९ मंसिर १० गते शुभारम्भ गर्दै महिला हिंसाको न्यूनीकरण परिवारबाट शुरु गर्नु पर्नेमा जोड दिएका छन्। प्रजिअ गौतमले हिंसाको स्वरुप घरबाटै शुरु हुने र हिंसाको पहिलो शिकार महिला र बालबालिका हुने भएकोले यसको न्यूनीकरण घरबाटै शुरुवात गर्नु पर्नेमा जोड दिएका हुन्। उनले अपराध नियन्त्रणमा प्रशासनको साथ सदैव रहने उल्लेख गर्दै महिला हिंसा अन्त्यको अभियानको कार्यक्रम ग्रामीणस्तरबाट गर्न सकेमा प्रभावकारी हुने बताए। सोही अवसरमा प्रजिअ गौतमले म घरको काममा सहभागी हुन्छु, मेरो श्रीमान/श्रीमतीसँग वास्तविकता नबुझीकन झै-झगडा गर्दिन, म पुरुष सरह महिलालाई पनि समान अवसर दिन प्रयत्न गर्छु लगायतका




*लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा लैङ्गिक हिंसा नगर्ने प्रतिवद्धता सहित सपथ खादै प्रमुख जिल्ला अधिकारी बसन्तराज गौतम, सुरक्षा निकाय लगायतका सहभागीहरू।*

सात ओटा प्रतिवद्धता व्यक्त गरेका थिए।

महिला तथा बालबालिका कार्यालय, महिला मानवअधिकार रक्षक सञ्जाल, इन्सेक लगायतका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको सहकार्य र समन्वयमा घर शान्ति नै विश्व शान्तिको आधार, महिलाहिंसा विरुद्धको शुन्य सहिष्णुता कायम गरौं भन्ने मुल नारा साथ मंसिर १० गतेबाट शुरु भएको लैंङिगक हिंसा विरुद्धको १६ दिने अभियान मंसिर २५ गते समापन भएको थियो।

अभियान अन्तर्गत महिला अधिकार, महिला हिंसा र कानूनी प्रावधानबारे अभिमुखीकरण कार्यक्रम, महिला हिंसा बिरुद्धमा र्‍याली, लोकगित प्रतियोगिता, नाटक, वक्तृत्व कला प्रतियोगिता,महिलाहिंसा न्यूनीकरणका लागि सचेतनामुलक रेडियो जिङ्गल प्रसारण र १६ दिने अभियान बारे जानकारी कार्यक्रम, द्वन्द्वपीडितहरूसँग अर्न्तक्रिया, यौन दुर्व्यवहारमा परेका बालिकाहरूलाई र उनीका परिवारलाई मनोसामाजिक विमर्श तथा कानूनी परामर्श, गाविस स्तरीय अभिमुखीकरण कार्यक्रम लगायतका कार्यक्रम आयोजना गरिएको थियो।



*लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत राखिएका विभिन्न प्रतिवद्धतामा हस्ताक्षर गर्दै प्रमुख जिल्ला अधिकारी बसन्तराज गौतम।*

प्रमुख जिल्ला अधिकारी बसन्तराज गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गैसस महासंघका क्षेत्रीय सचिव विना सिलवालले कार्यक्रमको उपदेयता माथि प्रकाश पारेका थिए भने शरद गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधि, मानवअधिकारकर्मी, सुरक्षाकर्मी, पेशाकर्मी, सञ्चारकर्मी लगायतको सहभागीता रहेको थियो।

## मानवअधिकार र सुशासन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा, राष्ट्रिय मानवअधिकार आयोग र




*इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा, राष्ट्रिय मानवअधिकार आयोग र सुशासनका लागि नागरिक समाज (सुनास) द्वारा आयोजित सुशासन र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रममा मन्तव्य व्यक्त गर्दै प्रमुख जिल्ला अधिकारी बसन्तराज गौतम।*

सुशासनका लागि नागरिक समाज (सुनास) को आयोजनामा ०६९ मंसिर २४ गते पोखरामा मानवअधिकार र सुशासन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा सुशासन र मानवअधिकार विषयमा कार्यपत्र प्रस्तुत गर्दै पुनरावेदन अदालत पोखराका न्यायाधीश डिल्लीराज आचार्यले मानवअधिकारको सम्मान र प्रवर्द्धनको लागि सुशासन अनिवार्य तत्व भएको भन्दै राज्यले मानवअधिकारको संरक्षण र प्रवर्द्धनलाई केन्द्रमा राखेर आफ्नो दायित्व निर्वाह गर्नु पर्नेमा जोड दिए। उनले सुशासन कायम हुनको लागि लोकतान्त्रिक राजनीतिक व्यवस्थाप्रति अटल आस्था, विश्वास, न्यायपूर्ण कानुन र कानुनको सर्वोपरिता, प्रभावकारी न्याय व्यवस्था, आर्थिक अनुशासन, कार्यनिक्षेपीकरण, सार्वजनिक जवाफदेहीता, पारदर्शिता, सचेतनमूलक जनसहभागीता हुनु पर्ने बताए।

निमित्त क्षेत्रीय प्रशासक रामप्रसाद थपलियाले स्थानीय मुद्दालाई प्राथमिकतामा राखेर खोजमूलक रुपमा भ्रष्टाचारलाई मिडियाले स्थान दिनु पर्नेमा जोड दिदै जनताको आवाजलाई कदर गरी उनीहरूको सेवामा समर्पित हुने प्रतिवद्धता व्यक्त गरे।

प्रमुख जिल्ला अधिकारी बसन्तराज गौतमले मानवअधिकार र सुशासनको लागि सामाजिक आयाम र नैतिक आयाम महत्वपूर्ण भएको भन्दै भ्रष्टाचार नियन्त्रणका लागि न्यायपालिकाको भूमिका महत्वपूर्ण हुने बताए।

पश्चिम क्षेत्रीय प्रहरी कार्यालयका डिआईजी रमेशशेखर बज्राचार्यले अहिले प्रहरीमा शिक्षित जनशक्ति तयार भएको उल्लेख गर्दै उनीहरूलाई मानवअधिकारको बारेमा संवेदनशील भएर प्रशिक्षण दिईएको बताए।

कार्यक्रममा वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बराल, शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक विष्णु बराल, सञ्जालका पूर्व संयोजक खगराज आचार्य, गैसस महासंघका केन्द्रीय सदस्य रामप्रसाद सुवेदी, जिल्ला अदालत बार एशोसियसनका अध्यक्ष कमल अर्याल, प्रेस काउन्सिल सदस्य माधव शर्मा, पत्रकार महासंघ कास्की अध्यक्ष बद्रीविनोद प्रतीक, मालपोत कार्यालयका प्रमुख रघुनाथ अधिकारी, नेत्रहीन संघका गिरीधारी सुवेदी, सुशासनका लागि नागरिक समाजका सदस्यहरू प्राध्यापक डाक्टर बेदनाथ शर्मा, सुन्दर गुरुङ, जिल्ला बन कार्यालयका खगेन्द्रराज बराल, सञ्चारकर्मीहरू दीपेन्द्र श्रेष्ठ, कमल पौडेल अथक, गीता विष्ट, कृपा भण्डारी, दुर्गा भण्डारी, महिला मानवअधिकार रक्षक सञ्जालका सदस्य विष्णु श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गरेका थिए।

राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय निमित्त निर्देशक यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रम इन्सेक पोखराका कार्यक्रम संयोजक गणेश श्रेष्ठले सञ्चालन गरेका थिए।

कार्यक्रममा विभिन्न सरकारी/गैरसरकारी कार्यालयका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, नागरिक समाज, अधिकारकर्मी, सञ्चारकर्मी लगायतका गरी ५१ जनाको सहभागीता रहेको थियो।

## घरेलुहिंसा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न

यूएसआईपीको सहयोगमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको आयोजनामा घरेलुहिंसा: महिलाहरूको सुरक्षा तथा न्यायमा पहुँच विषयक अन्तरक्रिया कार्यक्रम ०६९ मंसिर ३० गते भरतपोखरी गाविसमा सम्पन्न भयो।

कार्यक्रमका सहभागीहरूले पहुँचवालाले मात्र न्याय र सुरक्षामा पाउन सकेको भन्दै घरेलुहिंसा पीडित महिला र सर्वसाधारणले न्याय र सुरक्षाको प्रत्याभूति पाउन नसकेको




*यूएसआईपीको सहयोगमा इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराद्धारा भरतपोखरी गाविस आयोजित घरेलुहिंसाः महिलाहरूको सुरक्षा तथा न्यायमा पहुँच विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरू*

गुनासो गरे। उनीहरूले महिलाहिंसा न्यूनीकरणको लागि सचेतनाको खाँचो रहेको औंल्याउदै त्यसप्रति सरोकारवाला निकायको महत्वपूर्ण भूमिका हुने बताए।

कार्यक्रममा अधिवक्ता सरलाकुमारी पाण्डेले घरेलुहिंसा: महिलाहरूको सुरक्षा तथा न्यायमा पहुँच विषयमा सहजीकरण गर्दै पितृसत्तात्मक सँस्कार, प्रभावकारी कानुनको अभाव र पहुँच नहुनाले महिलाहरू घरेलुहिंसाबाट पीडित हुने गरेको बताईन्। उनले दाइजो प्रथा, बहुविवाह जस्ता कारणले बढी मात्रामा महिलाहरू हिंसापीडित हुने गरेकाले परिवार र समाजबाटै महिलाहिंसा न्यूनीकरण हुनु पर्नेमा जोड दिईन्।

कार्यक्रमका प्रमुख अतिथि भरतपोखरी गाविस सचिव गंगादत्त पौडेलले लैं क समानता, परम्परागत सोचाईलाई सुधार गर्न सकेमा मात्र घरेलुहिंसा न्यूनीकरण हुने बताए। उनले समयानुकूल कानुन परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्नेमा जोड दिए।

युएसआईपीका परियोजना अधिकृत गोविन्द रिजालले महिला हिंसापीडित महिलालाई न्याय दिलाउनको लागि स्थानीय निकाय र प्रहरीले संवेदनशील भएर काम गर्नु पर्नेमा जोड दिए।

डाँडाकोनाक प्रहरी चौकीका प्रहरी नायव निरीक्षक मोहनबहादुर रानाले भौतिक र गुणस्तरीय विकासको अभावमा पनि प्रहरीले पीडितको न्यायको लागि सुरक्षा निकायले निष्पक्ष ढंगले काम गरिरहेको बताए। उनले अपराधिक घटना नियन्त्रणको लागि भरतपोखरी गाविसमा प्रहरीचौकी स्थापना गर्नु पर्ने आवश्यकता रहेको बताए।

कार्यक्रममा इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलले मुलुकमा महिलाहिंसाको घटना बढ्दै गएको भन्दै पीडितलाई न्याय र पीडकलाई कारबाहीको लागि सरोकारवाला निकायले पहल गर्नु पर्नेमा जोड दिए।

कार्यक्रमा महिला मानवअधिकार रक्षक सञ्जालकी सदस्य चमेली परियार, स्थानीय शान्ति समिति भरतपोखरीका संयोजक तथा एनेकपा माओवादीका इन्चार्ज जीवन खाती, नेपाली काँग्रेसका केशरप्रसाद निर्दोषी, शिक्षक टीकाराम अधिकारी, राप्रपाका अध्यक्ष सोमबहादुर गुरुङ, कमला परियार, चन्द्रकान्त अर्याल लगायतले बोलेका थिए।

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इन्सेक पोखराका कार्यक्रम संयोजक गणेश श्रेष्ठले स्वागत मन्तव्य र इन्सेक पोखराका प्रलेख अधिकृत गणेश भण्डारीले कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय विभिन्न संघसंस्थाका प्रतिनिधि, सुरक्षाकर्मी, अधिकारकर्मी, सञ्चारकर्मी गरी ७७ जनाको सहभागीता रहेको थियो। यसैवीच उक्त कार्यक्रममा द्वारिका आचार्यको संयोजकत्वमा गाविसस्तरीय महिलाहिंसा विरुद्ध सचेतना समूह गठन समेत गरिएको छ।